# राष्ट्रिय सूचना आयोग

अनामनगर (देवीनगर), काठमाडौं

फोन नं :०१-४४६४४१२,०१-४४९६५४४
फ्याक्स :०१-४४९६५४५
इमेल :info@nic.gov.np
वेबसाईट :www.nic.gov.np


प.सं. ०७२/७३

च.नं..............

मिति २०७३।०३।२३

## राष्ट्रिय सूचना आयोगको प्रेस विज्ञप्ति

राष्ट्रिय सूचना आयोग र गभर्नेस फेसिलिटि (Governance Facility-GF) बीच नेपालमा सूचनाको हक प्रबर्द्धनका लागि राष्ट्रिय क्षमता अभिबृद्धि गर्न Suchana: Support to Championing National Capacity for Right to Information in Nepal-II दोश्रो चरणसम्बन्धी सहयोग प्रदान गर्ने साझेदारी सम्झौतामा आज एक समारोह बीच सम्झौता सम्पन्न भएको छ । उक्त सम्झौतामा राष्ट्रिय सूचना आयोगको तर्फबाट आयोगका सचिव श्री शरद राज बिष्ट र Governance Facility का तर्फबाट उक्त संस्थाका प्रमुख Mr. Niels Hjortdal ले हस्ताक्षर गर्नु भएको छ । हस्ताक्षर समारोहमा राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त श्री कृष्णहरि बाँस्कोटा, सूचना आयुक्तद्वय श्री किरण पोखरेल र श्री यशोदा तिम्सिनाको उपस्थिति रहेको थियो । साथै उक्त समारोहमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव श्री केदार बहादुर अधिकारी, नेपाल स्थित स्वीजरल्याण्ड राजदूतावासका कार्यवाहक राजदूत Ms. Pia Hanni को उपस्थिती रहेको थियो । साथै सूचनाको हकका अभियन्ता, पत्रकार र संचार माध्यमका महानुभावहरु र राष्ट्रिय सूचना आयोगका राष्ट्रसेवक कर्मचारीहरुको समेत उपस्थिति रहेको थियो ।

प्रस्तुत साझेदारी सम्झौता अनुसार Governance Facility बाट सन् २०१६ देखि सन् २०१८ सम्म रु. ८,१५,३२,६४४।- (यू. एस. डलर ८,१५,३२६) बराबरको प्राविधिक तथा वित्तिय सहयोग राष्ट्रिय सूचना आयोगले प्राप्त गर्नेछ । यस परियोजनाको मूख्य उद्देश्य सूचनाको हक प्रयोगबाट सामाजिक विकास, आर्थिक समृद्धि र सुशासन कायम गर्नु रहेको छ । साथै, सार्वजनिक निकायमा रहेको सूचनामा नागरिकको पहुँचलाई सुनिश्चित गर्दै सार्वजनिक निकायलाई जवाफदेही, पारदर्शी र उत्तरदायी बनाउँदै लैजाने उद्देश्य समेत रहेको छ । यी उद्देश्य प्राप्तिको लागि सूचनाको आपूर्ति र माग पक्षलाई सुदृढ र सवलीकरण गर्ने तथा राष्ट्रिय सूचना आयोगको क्षमता अभिबृद्धि गरिनेछ । सूचना परियोजना कार्यक्रम अबधिमा सूचनाको हकसम्बन्धी ऐन, नियम, नीति तथा कार्यक्रमहरुमा समन्वयात्मक ढंगबाट कार्यान्वयन गर्दै संस्थागत गर्नुको साथै सूचना अधिकारीको कार्य दक्षतामा बृद्धि गर्ने, स्वत: प्रकाशन गर्ने कार्यलाई नियमित गराउने, पाठयक्रमको विकास गरी लागू गर्नेछ ।

यसै गरी विभिन्न सरकारी तथा गैह्रसरकारी सार्वजनिक निकाय, सूचनाका अभियन्ता तथा व्यवसायिक संघ संस्था लगायतका निकायहरुमा सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न कार्यक्रम, अन्तर्क्रिया, छलफल, अनुगमन गरिने छ । सूचना माग गर्ने र प्रवाह गर्नका लागि Internet मा आधारित Online सूचना प्रविधिको प्रयोग गरी सूचना व्यवस्थापन प्रणाली Management Information System (MIS) लाई विस्तार र व्यापक गरिनेछ ।

जनचेतना अभिबृद्धि गर्नका लागि रेडियो, टिभि, फ्लेक्स बोर्ड, सूचनाको हकसम्बन्धी प्रचार प्रसार र पाठ्य सामग्रीको प्रयोग गरी सूचनाको हकको प्रयोग गर्न प्रोत्साहन गरिने छ । परियोजना अवधिमा भूकम्प प्रभावित जिल्लाहरुलाई सूचनाको हकको प्रयोगमा प्राथमिकता सहित कार्यक्रम संचालन गरिने छ र काठमाडौं, ललितपुर र भक्तपुर लगायत ३३ जिल्लामा कार्यक्रम संचालन गरिने छ ।

हस्ताक्षर समारोहमा प्रमुख आयुक्त कृष्णहरि बाँस्कोटाज्यूले आयोगलाई सूचनाको हकको प्रभावकारी कार्यान्वयन गर्नको लागि दोश्रो चरणको सूचना परियोजना कार्यान्वयन गर्न Governance Facility ले सहयोग गरेकोमा हर्ष लागेको उल्लेख गर्नु हुँदै आभार व्यक्त गर्नु भयो । प्रमुख आयुक्तले सूचना परियोजनाको महत्वपूर्ण कार्यक्रमका बारेमा प्रकाश पार्दै आयोगको तर्फबाट कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो । सो समारोहमा बोल्दै सूचना आयुक्त किरण पोखरेलले सूचनाको हक लोकतन्त्रलाई सुदृढिकरण गर्न जनतालाई सशक्तिकरण गर्ने यस परियोजनाले राखेको लक्ष्य प्राप्त गर्न प्रतिबद्ध छ रहेको कुरा बताउनु भयो । अर्का आयुक्त यशोदा तिम्सिनाले

संविधानले परिकल्पना गरेको नागरिकको सूचनाको हक दिलाई सुशासन, समृद्ध नयाँ नेपालको परिकल्पनालाई साकार पार्न आयोग लागि परेको कुरा बताउनु भयो । साथै सो कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव केदार बहादुर अधिकारीले सूचनाको हकको कार्यान्वयनलाई प्रभावकारी बनाउँदै सुशासन कायम गर्न नेपाल सरकार प्रतिबद्ध रहेको छ । नेपाल संघियतामा प्रवेश गर्न लागेको अवश्थामा आयोगको कार्यक्षेत्रमा बृद्धि हुन जाने हुँदा त्यसलाई समेत सम्बोधन गर्न आवश्यक रहेको कुरा औंल्याउँदै आयोगलाई चाहिने सहयोग नेपाल सरकारबाट प्राप्त हुनेछ भन्ने विश्वास दिलाउन चाहान्छु भन्नु भयो ।

हस्ताक्षर समारोहमा आयोगका सचिव श्री शरद राज बिष्टले राष्ट्रिय सूचना आयोगलाई सूचना परियोजना कार्यान्वयन गर्न Governance Facility ले सहयोग प्रदान गरेकोमा खुसी व्यक्त गर्नु हुँदै सूचना परियोजनाको कार्यान्वयनबाट सूचनाको हकको प्रयोगमा विस्तार भई सुशासन, जिम्मेवारी, जवाफदेही र उत्तरदायी प्रशासनको विकास गर्न प्रोत्साहन दिनेछ भन्ने आशा एवं विश्वास व्यक्त गर्नु भयो । साथै आफ्नो र नेपाल सरकारको तर्फबाट आभार व्यक्त गर्नु भयो ।

Governance Facility को पार्टनर संस्थाका तर्फबाट नेपाल स्थित स्विजरल्याण्ड राजदूताबासका कार्यवाहक राजदूत Ms. Pia Hanni ले यो दोश्रो चरणको सूचना परियोजनामा स्वीजरल्याण्ड, संयुक्त अधिराज्य बेलायत र डेनमार्क सरकारको तर्फबाट सहयोग प्रदान भएको छ । ESP बाट शुरु भएको यो सहयोग निरन्तर रहेकोमा सन्तोष लागेको छ । लोकतन्त्र र मानव अधिकारलाई सुदृढ र सुनिश्चित गर्न सुशासन, पारदर्शीता, जवाफदेही र उत्तरदायी शासन व्यवस्था चाहिन्छ । त्यस्तो शासन व्यवस्था सुनिश्चित गर्न सूचनाको हकको प्रयोगले सघाउन सक्ने विश्वव्यापी अनुभवबाट सिद्ध भईसकेको छ । यस्तो महत्वपूर्ण विषयमा नेपालमा सूचनाको हकको कार्यान्वयनको लागि राष्ट्रिय सूचना आयोग र आयोग मार्फत नेपाल सरकारसँग साझेदारी गर्न पाएकोमा खुसी लागेको कुरा व्यक्त गर्नु भयो । साथै सूचना परियोजनाले लक्षित गरेका कार्यक्रमहरु समयमै कार्यान्वयन गरी उद्देश्य प्राप्त गर्ने छ भन्ने आशा एवं विश्वास व्यक्त गर्नु भयो ।

Governance Facility को तर्फबाट प्रमुख Mr. Niels Hjortdal ले Governance Facility को Voice & Accountiblility Component अन्तर्गत नेपालमा सूचनाको हक माथि नागरिकको पहुँचमा बृद्धि गर्ने र सार्वजनिक निकायमा रहेको सूचना नागरिकलाई सरल र सहज ढंगबाट प्राप्त गर्न सक्ने अवस्थाको श्रृजना गरी पारदर्शी, उत्तरदायित्व र सुशासन कायम गर्ने कार्यमा राष्ट्रिय सूचना आयोग र आयोग मार्फत नेपाल सरकारसँग साझेदारी गरी कार्यक्रम गर्न पाएकोमा आयोग, आयूक्तहरु र नेपाल सरकारलाई धन्यबाद ज्ञापन गर्नु भयो साथै सूचनाको हकको कार्यान्वयनको लागि Governance Facility बाट निरन्तर सहयोग प्रदान गरिने छ भन्ने अभिव्यक्ति दिनु भयो । साथै परियोजना लक्ष्य अनुसार कार्यान्वयन गरी यसको उद्देश्य प्राप्त गर्न सफल हुनेछ भन्ने विश्वास व्यक्त गर्नु भयो ।

प्रस्तुत सूचना परियोजनाको कार्यान्वयनबाट आयोगलाई सूचनाको हकलाई देशैभर नागरिक हकको रुपमा लैजाने अनि आम संचार र Online System को प्रयोगबाट सूचनाको हक सम्बन्धमा व्यापक जनचेतना अभिबृद्धि गर्ने छ । अहिले सूचनाको हकको प्रयोग सिमित मात्र भएका कारण प्रशासनिक वेथिति तथा गुनासोहरु सुन्नु परेको र नागरिक हक अधिकार प्राप्त भएकालाई पनि यो हकको प्रयोगबाट यस्तो अधिकार सुविधा सहुलियत र साधन प्राप्त गर्न सकिन्छ भन्ने जानकारीको अभाव रहेको छ भने सामान्य तवरबाट सूचना दिँदा पनि प्रशासनको छबि उच्च हुन्छ भन्ने जानकारीको समेत अभाव रहेको छ । यस परियोजनाको कार्यान्वयनबाट यो भ्रम चिर्न र यथार्थ जनसमक्ष पुर्‍याउन सहयोग पुग्ने आधार एवं विश्वास गरेको छ । नेपालको सामाजिक, आर्थिक बिकासमा अभिरुची लिई निरन्तर सहयोग प्रदान गर्दै आएकोमा Governance Facility र Governance Facility मार्फत संयुक्त अधिराज्य बेलायत सरकार र जनता, DFID, Danish सरकार र जनता तथा Swiss सरकार र जनता प्रति राष्ट्रिय सूचना आयोग हार्दिक कृतज्ञता तथा आभार व्यक्त गर्दछ ।

यशोदा तिम्सिना
प्रवक्ता

२०७३।०३।२३
07 July, 2016
काठमाडौं ।